गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# पर्वत अस्पताल

कुश्मा, पर्वत

मिति २०८०।१२।३०

## बीमितहरुमा सह- भुक्तानी (Co- Payment ) लागु हुने सम्बन्धि सूचना !

श्री स्वास्थ्य बीमा बोर्ड, बबरमहल काठमाण्डौको मिति २०८०।१२।०१, च.नं. ११३९ को पत्र तथा स्वास्थ्य बीमा कार्यक्रममा सह- भुक्तानी (Co- Payment) प्रणाली लागु गर्ने कार्यबिधि, २०८० अनुसार यस पर्वत अस्पतालमा मिति २०८१ बैशाख ०१ गते देखि सह- भुक्तानी (Co- Payment) प्रणाली लागु भएको व्यहोरा सम्वन्धित सवै बीमितहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

- **सह-भुक्तानी लाग्ने शुल्कः** १० प्रतिशत शुल्क बीमितहरुले स्वयं भुक्तानी गनुपर्ने छ ।
- **सह- भुक्तानी लागु नहुने सेवाहरु** :
  - आकस्मिक सेवाहरु,
  - नेपाल सरकारले निःशुल्क प्रदान गरेका कार्यक्रमहरु,
  - नेपाल सरकारद्धार संचालित खोप ,परिवार नियोजन,सुरक्षित मातृत्व सेवा लागाएतका जनस्वास्थ्य सेवा अन्तर्गतका कार्यक्रमहरु,
  - महामारी रोग नियन्त्रण, रोकथाम, निर्मूलन र उन्मुलनमा गरिने सेवाहरु,
  - सामुहिक भवितव्य,दुर्घटना ,महामारी, आपतकालिन सेवा, सर्पदंश, कुकुरको टोकाई आदी ,
  - योग, पोषण शिक्षा, बानी व्यहोरा सुधार,मनोसामाजिक परामर्श जस्ता प्रबर्दधनात्मक सेवाहरु,
  - आधारभुत स्वास्थ्य सेवा अन्तर्गत पर्ने औषधी तथा प्रोसिडयुरहरु ।
- **सह-भुक्तानी लागु नहुने लक्षित वर्गहरुः**
  - अति गरिबको परिचयपत्र प्राप्त परिवार,
  - ७० बर्ष माथिका जेष्ठ नागरिकहरु,
  - अति अशक्त अपांगता परिचय पत्र (रातो कार्ड) पाएका व्यक्ति
  - एच आई भि एड्स संक्रमित,जटिल क्षयरोगी, कुष्ठरोगी
  - महिला स्वास्थ्य स्वयंसेविका र नेपाल सरकारले समय समयमा तोकेका समुह वा व्यक्ति ।

थप जानकारीका लागि स्वास्थ्य बीमा वोर्डको वेभसाईट www.hib.gov.np मा हेर्नुहोला ।

**अस्पताल प्रशासन**

फोनः ०६७-४२०४१४
इमेलः parbathospital@gmail.com
ठेगानाः कुश्मा न.पा. ५ पर्वत
गण्डकी प्रदेश, नेपाल